# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८३।०४।२० गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला सप्तरी, राजविराज नगरपालिका वडा नं. ३ स्थित भेटेरनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका कार्यालय प्रमुख (पशु विकाश अधिकृत/आठौं) डा. राम पवित्र दास र हलुका सवारी चालक भोगेन्द्र यादवले भ्याक्सिनेटरहरूबाट सेवा उपलब्ध गराए बापतको पाउनुपर्ने भुक्तानी रकमको २० प्रतिशत कमिसन स्वरूप घुस/रिसवत माग गरेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको, कार्यालय, इटहरीबाट खटिई गएको टोलीले निजहरू डा. राम पवित्र दास र हलुका सवारी चालक भोगेन्द्र यादवलाई घुस/रिसवत बापतको रकमसहित नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, राजविराजका कार्यालय प्रमुख डा. राम पवित्र दासले आफ्नो कार्यालय प्रमुख ओहदा एवं सोसम्बन्धी जिम्मेवारीमा रहेका बखत आफ्नो कार्यालयबाट सेवा दिनुपर्ने कृषकहरूका पशु चौपायाहरूलाई खोप कार्यक्रम सम्पन्न गर्न भ्याक्सिनेटरहरू नियुक्ति दिएकोमा खोप कार्यक्रम सम्पन्न गरेपश्चात कानुन बमोजिम पाउनुपर्ने पारिश्रमिक रकम भुक्तानी दिए दिन लगाए बापत निज डा. राम पवित्र दासले सवारी चालक भोगेन्द्र यादवसँगको मिलेमतो तथा योजनामा भुक्तानी रकमको कम्तीमा २० प्रतिशत रकम घुस/रिसवत चाहिने भनी बार्गेनिङ्ग गरी गराई घुस/रिसवत बुझाउनुपर्ने गरी मोलाहिजा एवं बाध्यतामा पारी निजहरू डा. राम पवित्र दास र भोगेन्द्र यादवले रू.१,३२,३५०।—(एक लाख बत्तीस हजार तीन सय पचास रूपैयाँ) घुस/रिसवत लिएको देखिएकोले निजहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिमको कसुर भएको हुँदा निजहरूलाई बिगो रू.१,३२,३५०।—(एक लाख बत्तीस हजार तीन सय पचास रूपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने